नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, धार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**नौगाड गाउँपालिकाको श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७८**
**(कार्यविधिको दफा ५ को उपदफा ३ (क) सँग सम्बन्धित)**

## अनुसूची - ८

## ............................................................................ श्रम सहकारीको विधान

**प्रस्तावना ः**
स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी समुदाय पालिका सम्बन्धलाई सुदृढीकरण गर्न तथा गाउँको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी सहभागितामूलक श्रमको माध्यमद्वारा गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पु¥याउन सहभागितात्मक योजना तर्जुमा गर्न, श्रममूलक समाजको निर्माण गर्न तथा स्थानीय जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्न ............................................................................ श्रम सहकारी स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

### परिच्छेद-१

**१. प्रारम्भिक ः**
**संक्षिप्त नाम र प्रारम्भ**
(क) यो विधान ............................................................................ श्रम सहकारीको विधान हुनेछ ।
(ख) यो श्रम सहकारीको नाम ............................................................................ हुनेछ ।
(ग) यो विधान ........................................ श्रम सहकारीको साधारण सभाबाट पारीत भई नौगाड गाउँकार्यपालिकाको कार्यालयबाट स्वीकृती प्राप्त गरी श्रम सहकारी दर्ता भएको मितिदेखि लागु हुनेछ ।
(घ) यस श्रम सहकारीको कार्यालय नौगाड गाउँपालिका वडा नं................................ मा हुनेछ ।
(ङ) यस श्रम सहकारीको कार्यक्षेत्र ः

नौगाड गाउँपालिका वडा नं. ............ को ..................... ठाउँमा वा .......................... टोलमा
नौगाड वडा नं. ........................... .............................. भरीमा रहनेछ ।

**२. परिभाषा ः**
विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा ः
(क) **'संस्था'** भन्नाले ............................................................................ श्रम सहकारीलाई सम्झनुपर्छ ।
(ख) **'विधान'** भन्नाले ............................................................ श्रम सहकारीको विधानलाई सम्झनुपर्छ ।
(ग) **'साधारणसभा'** भन्नाले यस श्रम सहकारीको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।
(घ) **'समिति'** भन्नाले यस श्रम सहकारीको सञ्चालक समिति वा कार्य समितिलाई सम्झनुपर्छ ।
(ङ) **'बैठक'** भन्नाले यस श्रम सहकारीको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।
(च) **'कार्यमूलक/उपभोक्ता समूह'** भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा श्रम सहकारी भित्रका विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरुलाई सम्झनुपर्छ ।
(छ) **'पदाधिकारी'** भन्नाले श्रम सहकारी वा कार्यमूलक/उपभोक्ता समूहका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउँछ ।
(ज) **'उपसमिति'** भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको श्रम सहकारीको कार्य समितिको उपसमितिलाई सम्झनुपर्छ ।

(झ) **'साधारण सदस्य'** भन्नाले श्रम सहकारीको साधारण सदस्य सम्झनुपर्छ ।

(ञ) **'सञ्चालक समिति सदस्य'** श्रम सहकारीको सञ्चालक समिति वा कार्य समितिको सदस्यलाई सम्झनुपर्छ ।

(ट) **'ऋण'** भन्नाले एकमुस्ट वा किस्ताबन्दीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधि, ब्याजदर र उद्देश्यका साथ श्रम सहकारीले सदस्यहरूलाई प्रदान गरेको रकमलाई जनाउँदछ ।

(ठ) **'तोकिए' वा 'तोकिएबमोजिम'** भन्नाले श्रम सहकारीले समयसमयमा गरे निर्णयबमोजिम निर्धारित कार्यविधि वा यस विधानअन्तर्गत बनाईएका नियमावली वा विनियममा उल्लेखित कुराहरुलाई जनाउँदछ।

(ड) **'बचत'** भन्नाले श्रम सहकारीका साधारण सदस्यहरुबाट निश्चित अवधिमा सञ्चय गरेको रकमलाई सम्झनु पर्छ ।

(ढ) **'बचतकर्ता'** भन्नाले ........................................................ श्रम सहकारीकाबचत गर्ने सदस्यहरुलाई जनाउँछ ।

(ण) 'लेखा समिति' भन्नाले ........................................................ श्रम सहकारी संस्थाको आम्दानी खर्च विवरण हेर्ने एक प्रमुख समितिलाई जनाउँछ ।

**३. संगठित श्रम सहकारी हुने :**

**(क)** श्रम सहकारी श्रम सहकारीको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप श्रम सहकारीका कार्यमूलक/उपभोक्ता समूहहरुले आ-आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

**(ख)** श्रम सहकारी तथा कार्यमूलक/उपभोक्ता समूहले व्यक्तिगत चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ ।

**(ग)** श्रम सहकारी वा कार्यमूलक/उपभोक्ता समूहले व्यक्तिसरह आ-आफ्नो नालिस उजुर गर्न र सोउपर नालिसउजुर लाग्न सक्नेछ ।

## परिच्छेद-२
## श्रम सहकारीका उद्देश्य तथा कार्य

**४. श्रम सहकारीको उद्देश्यहरु :**

संस्थामा आबद्ध सबैखाले सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहायबमोजिमको उद्देश्य हुनेछ :

(१) समुदायमा जातिय, लिंगीय वा वर्गीय विभेदको भावना हटाई श्रम सहकारीका सबै सदस्यहलाई निर्णय प्रक्रिया र स्रोतमा समान हक सहित समुदायमा समान रूपमाश्रम गर्ने अधिकार प्रदान गर्ने,

(२) बिभिन्न सरकारी एवं गैर सरकारी निकायहरूसँग समन्वय एवं सहकार्य गरी समुदायको विकासको लागि काम गर्ने,

(३) समुदायमाविकाससँग सम्बन्धित योजनाहरू संचालन गर्ने तथा आवश्यक सहजीकरण गर्ने,

(४) समुदायमा ढल तथा फोहोरमैला व्यवस्थापन लगायतका सेवा प्रवाहमा गाउँपालिकाको स्वीकृतिमा श्रममूलक जनशक्ति श्रम सहकारी संस्थाको निर्णय अनुसार पचिालन गर्ने,

(५) समुदायको विकासका लागि बिभिन्न स्रोतबाट प्राप्त स्रोतको उद्देश्य अनुरूप उच्चतम् सदुपयोग गर्ने,

(६) समुदायको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना बनाउने,

(७) छुवाछुत, अन्धविश्वास, कुप्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरू संचालन गर्ने,

(८) समुदायको आर्थिक तथा सामाजिक सूचना तथा समुदायमा श्रम स्रोत रूपमा रहेको जनशक्तिहरूको तथ्याङ्क अद्यावधि गरी अभिलेख राख्ने,

(९) सहभागितामूलक योजना तर्जुमा गर्न समुदायको प्राथमिकता पहिचान गरी वडामार्फत गाउँपालिकामा सिफारिस गर्ने ।

(१०) समुदायमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबाट प्राप्त योजनाहरूको संचालन गरी संरक्षण तथा मर्मत सम्भार र पृष्ठपोषण प्रदान गर्ने,

(११) समुदायमाविभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत प्राप्त हुने श्रममूलक योजना तथा कार्यक्रमहरू श्रम सहकारी मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

(१२) आफ्नो वडा तथा समुदायलाई वातावरणमैत्री तथा उपभोक्ता मैत्री बनाउने खालका कार्यक्रम तथा योजनाहरू सञ्चालन गर्ने,

(१३) समुदायमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता जस्ता सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

(१४) श्रम सहकारी संस्थालाई गाउँपालिकाको समुदाय स्तरको पहिलो इकाईको रुपमा स्थापित गराई सहभागितात्मक गाउँपालिकाका योजना तर्जुमा, योजना संचालन¸ व्यवस्थापन तथा निर्माण अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

(१५) नौगाड गाउँपालिकाको विकास निर्माणमा जनसहभागिता अभिबृद्धिका लागि सहयोग प्रदान गर्ने,

(१६) श्रम सहकारीलाईगाउँपालिकाबाट विभिन्न योजना तथा कार्यक्रम संचालन गर्न प्राप्त भएको रकमको नियमानुसार रकम खर्च गर्ने, लेखा राख्ने र सामाजिक लेखापरीक्षण गराउने,

(१७) गाउँपालिकासँग भएको सम्झौता तथा समझदारी अनुसारका विभिन्न सामाजिक तथा श्रममूलक कार्यहरू गर्ने ।

(१८) समुदाय स्तरमा सक्षम र दिगो स्वायत्त प्रभावकारीश्रम सहकारीको विकास गर्ने ।

(१९) समुदायमा ब्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रम तथा योजनाको संचालन गरी गरिबी न्यूनीकरणमा मद्दत पुर्‍याउने।

(२०) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको ब्यक्तिहरुको क्षमता विकास गर्ने गाउँपालिकाको कार्यक्रम कार्यान्वयनमा टेवा पुर्‍याउने ।

(२१) स्थानीय स्तरबाट सिकेको अनुभवबाट समुदाय–गाउँसम्बन्ध विस्तार तथा गाउँ समाज परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी देशको अन्य गाउँपालिकामा विस्तार गर्न सहयोग गर्ने ।

(२२) श्रम सहकारीलाई सहभागितामूलकसिद्धान्तका आधारमा सार्वजनिक योजना निर्माणलाई दिगो रूपमा बनाउन सक्ने समक्षश्रम सहकारीको रूपमा विकास गर्ने ।

(२३) सार्वजनिक निर्माणमा समुदायका सबै उपभोक्ताहरूलाई समान ढङ्गबाट सहभागी गराई मितब्ययी, पारदर्शी तथा प्रभावकारी रूपमा सामाजिक कार्यहरू गर्ने खालको जिम्मेवार सामुदायिक स्वामित्व भएको सामुहिक लगानीको श्रम सहकारी निर्माण गर्दै नौगाड गाउँपालिकाको हरेक सार्वजनिक योजना निर्माण कार्य लगायत अन्य कार्यमा समुदाय स्तरमा सार्वजनिक सम्पत्तिप्रति अपनत्वको भावना विस्तार गर्ने ।

(२४) बेरोजगार श्रमशक्तिलाई रोजगार प्रदान गर्न,

(२५) समुदायमा रहेको श्रमलाई संगठित गरी एकीकृत श्रम पुँजीको निर्माण गरी परिचालन गर्ने ।

**५. श्रम सहकारी श्रम सहकारीको कार्यहरु ः**

(क) प्रत्येक समुदाय स्तरमा शतप्रतिशत घरपरिवार सहभागी भएका महिला वा पुरूष वा दुबैथरी समावेश भएको श्रम सहकारी गठन गर्ने ।

(ख) सदस्यहरुबाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्ने ।

(ग) श्रम सहकारीको सदस्यहरुलाई उद्यमशीलता तर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघसंस्थाबाट ऋण लिई उद्यम संचालन गर्नमा पहल गराउने ।

(घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सीप बुद्धि गराउने कार्यमा सहयोग गर्ने ।

(ङ) समुदाय वा समुदायमा आइपरेका समस्याहरु समाधान गर्न एकअर्कामा भाइचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।

(च) पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

(छ) समुदाय तथा गाउँको अन्तरसम्बन्ध हुने गरी कार्यक्रमहरु तयार गरी आत्मनिर्भरतातर्फ अघि बढ्ने ।

(ज) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा स्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक, पूर्वाधार विकास सम्बन्धीयोजना र उद्यम विकास योजना बनाउने ।

(झ) यसका अलावा गाउँपालिकाको अन्तरसम्बन्ध बढाउन विभिन्न सिर्जनात्मक कार्यहरु गर्ने जस्तै, ग्रामीण क्षेत्रको उत्पादन शहरमा खपत गराउन/व्यापार गर्न प्रोत्साहन गर्ने । बजारमा माग भएअनुरुपको उत्पादन गर्न प्रोत्साहन गर्ने । ग्रामीण क्षेत्रमा नगरको सेवा सुविधाहरु विस्तार गर्ने सेवामूलक उद्यम सिर्जना गर्न प्रोत्साहन गर्ने ।

(ञ) सार्वजनिक निर्माणमा समुदायका सबै उपभोक्ताहरूलाई समान ढङ्गबाट सहभागी गराई मितव्ययी, पारदर्शी तथा प्रभावकारी रूपमाश्रम सहकारी मार्फत विकास निर्माण गर्दै गाउँपालिका भित्र रहेका स्थायी प्रकारका उपभोक्ता संस्था बाहेकका  नौगाड गाउँपालिकाको हरेक सार्वजनिक योजना निर्माण कार्यगर्ने ।

(ट) सामूहिक भावना, सामूहिक बल र सहकार्यका साथ नौगाड गाउँपालिकाको विकासलाई समुन्नत समुदायको रूपमा विकास निर्माण गर्ने ।

## परिच्छेद-३
## श्रम सहकारी वा कार्यमूलक/उपभोक्ता समूह को कार्यक्षेत्र तथा कार्याधिकार

**६.श्रम सहकारीको सदस्यता :**

(क) यस श्रम सहकारी विधानको उद्देश्यबमोजिम श्रम सहकारीप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने नागरिकता प्राप्त गरेको १८ वर्ष पूरा भएको स्थानीय टोलबासी यस श्रम सहकारीको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक वडाबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

ग) सदस्य प्रत्येक घरधुरीका १ जना सदस्य हुने गरी व्यवस्था गर्नुपर्ने हुन्छ ।

घ) सदस्यका प्रकार

(१) साधारण सदस्य

(२) सञ्चालक समिति सदस्य

(ङ) १८ वर्ष पुगेको नेपाली नागरिक श्रम सहकारीको सदस्य हुन योग्य हुनेछ ।

(च) कुनै राजनीतिक दलको सदस्य, स्थायी कर्मचारी, गैर सरकारी संस्थामा कार्यरत कर्मचारी वा अन्य कुनै पनि संस्थामा कार्यरत कर्मचारी श्रम सहकारीको सदस्य हुन पाउने छैन ।

७.श्रम सहकारीको सदस्यता नरहने :

(क) श्रम सहकारीको सदस्यको मृत्यु भएमा ।

(ख) श्रम सहकारीको सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन श्रम सहकारीको कार्य समिति वा संचालक समितिले स्वीकृत गरेमा । तर श्रम सहकारीको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) श्रम सहकारीको सदस्यता शुल्क नतिरेको वा श्रम सहकारीको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) श्रम सहकारी संस्थालाई हानि–नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहलाई सफाइ दिने अवसरबाटबञ्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

**परिच्छेद-४**

**श्रम सहकारी गठन एवं संचालन**

**८. श्रम सहकारी गठन एवं कार्य संचालन विधि ः**

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मति निर्णयबाट समुदायको क्षेत्र निक्र्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पूर्ण घरधुरीहरुको ६० प्रतिशत उपस्थितिमा श्रम सहकारी गठन गरिनेछ ।

(ख) दफा ८ (क) बमोजिम श्रम सहकारी श्रम सहकारी गठन गर्ने उपस्थित भएकाहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव सहित ७ देखि ११ जनाको समानुपातिक प्रतिनिधित्व सुनिश्चितता रहने गरी कम्तीमा ३३ प्रतिशत महिला सहभागीता र मुख्य पदमा कम्तीमा १ जना महिला अनिवार्य रहने गरी श्रम सहकारी कार्यसमिति अथवा सञ्चालक समिति हुनेछ ।

(ग) सञ्चालक वा कार्य समितिको पदावधि सम्बन्धित संस्थाको साधारण सभाको निर्णय अनुसार बढीमा २ वर्ष नबढ्ने गरी ......................... वर्षको हुनेछ ।

**९. श्रम सहकारी श्रम सहकारीको पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार ः**

श्रम सहकारी श्रम सहकारीको पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार देहायबमोजिका हुनेछन् ।

(क) अध्यक्षको काम, कर्तब्य र अधिकार ः

श्रम सहकारीलाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा संथाका अध्यक्षको काम, कर्तब्य र अधिकार निम्नबमोजिम हुनेछ ः

१) श्रम सहकारीको नियमित बैठक बोलाउने/बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न श्रम सहकारीको सबै सदस्यको सहमति लिने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) बैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

६) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।

७) सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुर्‍याउने ।

८) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९) श्रम सहकारी संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

१०) आवश्यक कार्यमा श्रम सहकारीको प्रतिनिधिहरु सहभागि गर्ने वा गराउने ।

११) अन्य सहयोगी निकायहरुसँग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।

१२) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहको सहमतिमा बैठक बोलाउने ।

१३) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

**(ख) श्रम सहकारीको सचिवको काम, कर्तब्य र अधिकार ः**

१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेका विशेष बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पनः प्रत्येक सदस्यहरुलाई हस्ताषर गर्न लगाउने ।

६) बचत तथा ऋण लगानीको ब्यवस्थापन गर्न सहयोग पुर्‍याउने ।

७) श्रम सहकारीको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

८) श्रम सहकारी संचालनमा र अन्य सदस्यहरुलाई आवश्यक सहयोग गर्ने ।

९) गाउँपालिकाबाट योजना तथा कार्यक्रम संचालनका लागि प्राप्त नगद, जिन्सीहरूको अभिलेख राख्ने ।

१०) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

बैगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, धचुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**(ग) श्रम सहकारीको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) प्रत्येक बैठकमा सबै सदस्यरूबाट बचत संकलन गरी बचतको विवरण पेश गर्नुपर्ने ।

२) प्रत्येक सदस्यष्को बचत रकम व्यक्तिगत बचत खातामा चढाउने ।

३) व्यक्तिगत बचत खाताअनुसारको रकम प्रत्येक सदस्यको पासबुकमा चढाई प्रमाणका लागि दस्तखत गर्ने ।

४) संकलित बचत रकम श्रम सहकारीको निर्णयअनुसार नजिकको बैंकको खातामा जम्मा गरी/गराई बैंकबाट प्राप्त भएको पासबुकमा उल्लेख गराउने ।

५) बैठकको निर्णयअनुसार बचतको परिचालन गरी रेकर्ड राख्ने ।

६) निर्णयअनुसार गर्नुपर्ने लगानी गरी असूलीसमेत गर्ने र लगानी र असूलीको रेकर्ड राख्ने ।

७) सम्पूर्ण सदस्यहरुको गत बैठकसम्मको बचत रकम, बैंकमा रहेको रकमसँग भिडाउने । जस्तै,

८) ऋण लगानीपश्चात् प्राप्त ब्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरी सबै सदस्यहरुको व्यक्तिगत खाता, पासबुक एवं बचत खातामा चढाउनुपर्ने ।

९) संस्थाले गरेको काम/कारोबारको लेखापरीक्षण गराउने ।

१०) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

११) अन्य सदस्यहरुसँग समनवय राखी सहयोग लिने दिने ।

१२) श्रम सहकारीको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) श्रम सहकारीको सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१) साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२) श्रम सहकारीको हिसाबकिताब बराबर चेक गर्ने ।

३) श्रम सहकारीको पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने । उनीहरुको काम सन्तोषजनक नभए उनीहरुलाई बदले अर्को गराउने ।

४) आवश्यकताअनुसार श्रम सहकारी संचालनका लागि नीति-नियमहरु बनाउने र सो नियमहरु पालना भएनभएको हेर्ने ।

५) आवश्यकताअनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

६) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

७) नियमित बचत बुझाउने र अरूलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।

८) आफूले लिएको ऋण समयमा तिर्ने साथै ऋण असूली गर्न सहयोग गर्ने ।

**१०. श्रम सहकारीको बैठक र कार्य प्रणाली :**

श्रम सहकारी श्रम सहकारीको सम्पूर्ण सदस्यहरु र सल्लाहकारसमेत रहेको एक साधारण-सभा हुनेछ। साधारण-सभाको अध्यक्षता श्रम सहकारीको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा श्रम सहकारीको सचिव र निजको पनि अनुपस्थितिमा श्रम सहकारीको जेष्ठ सदस्यले गर्नेछ । साधाण-सभा श्रम सहकारीको सर्वोच्च निकाय हुनेछ ।

**११. साधारण-सभा सम्बन्धि व्यवस्था :**

(१) साधारण सभाका प्रकार देहाय बमोजिम रहनेछन् ।

(क) प्रारम्भिक साधारण सभा - श्रम सहकारी गठन हुन पूर्व श्रम सहकारी गठनका लागि कुनै निश्चित टोल वा क्षेत्रका घरधुरीवाट श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ को प्रावधान अनुसार भएका सदस्यहरूको भेलालाई प्रारम्भिक साधारण सभा भनिनेछ ।

(ख) वार्षिक साधारण सभा - वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

(ग) विषेश साधारण सभा - विशेष परिस्थितिमा बोलाइएको सभा ।

**(२) श्रम सहकारीको प्रारम्भीक साधारण सभाको काम, कर्तव्य र अधिकार :**

(क) श्रम सहकारीको विधान तयार पारी पारित गर्ने ।

(ख) विधानमा भएको व्यवस्था बमोजिम बनेको निर्वाचन समितिले विनियममा उल्लेख भए बमोजिम पदावधि रहने गरी संचालक समिति र लेखा समितिको निर्वाचन गर्ने ।

(ग) विधानमा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**(३) श्रम सहकारीको वार्षिक साधारण-सभाको काम, कर्तव्य र अधिकार** ः

(क) सञ्चालक समिति गठन, पुर्नगठन, विघटन साधारण सभावाट हुनेछ ।

(ख) श्रम सहकारीको साधारण-सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित् सल्लाह दिने ।

(ग) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने ।

(घ) श्रम सहकारीको गत सालको हिसाब विवरण र त्यस सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(ङ) अख्तियार प्रदान गर्ने ।

(च) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(छ) विधान संशोधन गर्ने ।

(ज) सामाजिक लेखा वा सार्वजनिक लेखा परीक्षण गराउने ।

(झ) आवश्यकताअनुरुप श्रम सहकारी योजना तथा उद्यम विकास योजना बनाउने संस्थालाई अधिकार प्रत्यायोजन गर्ने ।

(४) **विशेष साधारण सभा** ः

(१) संस्थाको विशेष साधारण सभा देहायको अवस्थामा १५ दिनको सूचना दिई सञ्चालक समितिले बोलाउन सक्नेछ । सूचना गर्ने प्रक्रिया नियमित साधारण सभाम्फै अवलम्बन गरिनेछः-

(क) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरीक्षकले पर्याप्त कारण देखाई संचालक समिति समक्ष सुझाव पेश गरेमा वा

(ख) लेखा समितिले यथेष्ट कारण समेत खोली समितिलाई लिखित सुझाव पेश गरेमा वा

(ग) कुनै सञ्चालकले उचित कारण खोली विशेष साधारण सभा बोलाउन माँग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा वा

(घ) संस्थाको कूल सदस्यको ४० प्रतिशत संख्याले प्रर्याप्त कारण देखाई संचालक समिति समक्ष लिखित निवेदन दिएमा वा

(ङ) संचालक समितिले कुनै विषयमा तत्कालै निर्णय लिन साधारण सभा डाक्न मनासिब देखेमा ।

(२) विशेष साधारण सभाका लागि गणपूरक संख्या कूल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(३) विशेष साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरूबाट छानिएका जेष्ठ सदस्यले गर्नेछन् ।

(४) यो सभा जुन प्रयोजनका लागि डाकिएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय गरिनेछ ।

**१२. आर्थिक व्यवस्था** ः

(क) श्रम सहकारीको देहायबमोजिम आर्थिक स्रोत हुनेछ ः

❖ सदस्यताबाट प्राप्त शुल्क ।

❖ सदस्यहरबाट गरिने नियमित बचत ।

❖ सरकारी तथा गैरसरकारी संस्थाबाट निःशर्त सहायता/अनुदान ।

❖ दाताहरुबाट प्राप्त निःशर्त सहयोग ।

❖ श्रम सहकारीको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरूस्कार।

❖ श्रम सहकारीको कोषबाट आर्थिक आय ।

❖ श्रम सहकारी संस्थाले विभिन्न संघसंस्थासँग ऋण लिई आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी कमाएको ब्याज, सेवा शुल्क र हर्जानावापतको रकम ।

❖ अन्य आम्दानी ।

बैगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी श्रम सहकारीको हुनेछ ।

(ग) श्रम सहकारीको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

**१३. लेखा समिति गठन तथा लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

**(१) गठन र पदावधि सम्बन्धमा**

**(क) प्रारम्भिक तथा वार्षिक साधारण सभाबाट संचालक समिति वा कार्य समिति गठन प्रक्रियासँगै ३ सदस्यीय लेखा समिति गठन गरिनेछ ।**

**(ख) लेखा समितिको पदावधि संचालक समिति वा कार्य समिति पदावधि बराबर रहनेछ ।**

**(२) लेखा समितिको काम, कर्तव्य र अधिकारः**

**(क) श्रम सहकारीको आम्दानी, खर्चको हिसाब परीक्षण गरी साधारण सभा समक्ष प्रतिवेदन पेश गर्ने ।**

**(ख) लेखा समितिको आम्दानी खर्चको प्रतिवेदन साधारण सभा समक्ष पेश गरी साधारण सभाबाट सर्वसम्मत अनुमोदन भएमा संस्थाको आम्दानी खर्चको लेखा परीक्षण भएको मानिनेछ ।**

**१४. श्रम सहकारी बचत** ः

(क) श्रम सहकारी श्रम सहकारीको सदस्यहरुले सम्पूर्ण सदस्यहरुबाट नियमित रुपमा बचत संकलन गरी एक 'श्रम सहकारीको बचत' खडा गर्नेछ ।

(ख) उक्त श्रम सहकारीको बचतको प्रयोगका लागि बैठकको सर्वसम्मत निर्णय आवश्यक पर्नेछ ।

(ग) श्रम सहकारीको बचत सामान्यतया सदस्यहरुको आर्थिक विकासमा खर्च गर्नुपर्नेछ ।

(घ) यो बचत रकम श्रम सहकारीको कार्यक्षेत्रभित्र श्रम सहकारीको सदस्यहरुबीच तोकिएको सर्त र व्यवस्थाअनुरुप लगानी र असूली हुनेछ ।

(ङ) यो बचत रकम निरन्तर चल्ने र बुद्धि हुँदै जानेछ ।

(च) यो बचत रकम संलग्न सदस्यहरुको दावी रहनेछ ।

(छ) श्रम सहकारीको नयाँ सदस्य बनी संस्थामा प्रवेश हुन चाहेमा श्रम सहकारीको निर्णयबमोजिम हुनेछ ।

(ज) यो बचत रकम संचालन कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(झ) श्रम सहकारी दर्ता खारजी वा विघटन भएमा श्रम सहकारीको सामूहिक सम्पत्ति नेपाल सरकारको हुनेछ । तर व्यक्तिगत बचत रकम तथा यसको आयहरु सदस्यहरुको हिसाबबमोजिम फिर्ता पाउनेछन् ।

**१४. राजीनामा** ः

(क) श्रम सहकारी श्रम सहकारीको सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्षसमक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव मार्फत श्रम सहकारीको बैठकमा पेश गर्नुपर्नेछ र सोउपर संस्थाले निर्णयगरेबमोजम हुनेछ ।

**१५. अविश्वासको प्रस्ताव** ः

श्रम सहकारीको अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित् कारण देखाई श्रम सहकारीको ६० प्रतिशत सदस्यहरुले विशेष साधाणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विधानको संशोधन** ः यस श्रम सहकारीको संशोधन गर्नुपर्ने भएमा कार्यगत समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरी सो सभामाउपस्थित सदस्यहरुको दुईतिहाइ बहुमतले पारित गर्नुपर्नेछ ।

**१७. विविध** ः

(क) यस विधानबमोजिमश्रम सहकारी संस्थाले आफ्ना सदस्यहरुमध्येबाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ । उक्त उद्यम/उद्यमी काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(ख) यो विधानको व्याख्या गर्ने अधिकार श्रम सहकारीको साधारणसभामा निहित रहनेछ ।

(ग) श्रम सहकारी संस्थाले श्रम सहकारीको उद्देश्य पूर्तिका लागि विधानको अधीनमा रही विनियमावली बनाउन र उपसमिति गठन गर्नुपरेमा सोसमेत गर्न सक्नेछ ।
(घ) प्रचलित नेपालको ऐन-नियमहरुसँग बाझिएका बुँदाहरु हदसम्म स्वतः खारेज हुनेछ ।

## अनुसूची - १

## श्रम सहकारीलाई नौगाड गाउँकार्यपालिकाको कार्यालयमा दर्ता गर्न

## निवेदनको नमुना

मिति :......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
श्री नौगाड गाउँकार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला, सुदूरपश्चिम प्रदेश ।

विषय : श्रम सहकारी श्रम सहकारी दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नौगाड गाउँपालिकाद्वारा संचालित समुदाय-गाउँ साझेदारी विकास कार्यक्रममा नौगाड गाउँपालिका वडा नं. ............... को .............................. समुदाय वा समुदायमा गाउँ समाज परिचालन प्रक्रिया पूरा गरी गठन गरिएको ........................................................................ श्रम सहकारीलाई नौगाड गाउँपालिकाको श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७८ को दफा ५ अनुसार ताहाँ नौगाड गाउँकार्यपालिकाको कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु । यस ............................................................................................... श्रम सहकारीको क्षेत्र कार्य तपसिल अनुसारको क्षेत्रमा सीमित रहनेछ,

**<u>तपसिल</u>**

नौगाड गाउँपालिका वडा नं. .......... , ...................... भरीमा वा वडा नं. ............ को ........................... टोलमा ।

निवेदक

.......................................
अध्यक्षको नाम :
श्रम सहकारीको नाम :
ठेगाना :
सम्पर्क नम्बरः

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची- ७

# नौगाड गाउँपालिका

# नौगाड गाउँकार्यपालिकाको कार्यालय

होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश

## प्रमाण-पत्र

समुदाय-गाउँपालिका साझेदारी अन्गरगत गरिबि निवारण तथा सहकारी शाखाको सक्रियतामा नौगाड गाउँपालिका वडा नं.. ............ स्थित ............................................ मा गठन भएको ........................................................................ श्रम सहकारीलाई श्रम सहकारी गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी, २०७८ को दफा ५ उपदफा (घ) सँग बमोजिम यस कार्यालयमा मिति ........................... मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ । यस नौगाड गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन तथा मानव संसाधन विकासमा यस श्रम सहकारीको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

...........................................
प्रमुख प्रशासकीय अधिकृत

नौगाड गाउँपालिका

## अनुसूची-४

..............................................................................

## श्रम सहकारीको बचत सम्बन्धी नमुना विधान

प्रस्तावना

परस्परको सद्भाव र सहयोगमा स्थानीय रुपमा उपलब्ध सीप, स्रोत र साधनका अवसरहरुलाई अधिकतम परिचालन गरी विभिन्न उद्यमहरुको सिर्जना गरेर आर्थिक विकास गरी जन जीवनस्तर उकास्न आर्थिक रुपमा सक्षम र स्वावलम्बी बन्ने प्रयासमा अगाडि बढ्न विभिन्न किसिमका शीर्षकमा हुने फजुल खर्च घटाई बचत गर्ने बानीको विकास गर्न स्थानीय स्तरमै बचतको सिर्जना भएको छ । यस थोपा-थोपा बचत गरेको रकम उचित ठाउँमा परिचालन तथा लगानी गरी ब्यवस्थितव र पारदर्शी हिसाब राख्न वान्छनीय देखिएकोले यो बचत परिचालन नियमावली बनाइएको छ ।

परिच्छेद-१

१. प्रारम्भिक ः

१.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो नियमावली ..............................................................................श्रम सहकारीको बचत परिचालन नियमावली हुनेछ ।

ख) यो नियमावली संस्थाले अनुमोदन गरेको दिनदेखि लागू हुनेछ ।

२. परिभाषा ः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावली र यसअन्तर्गत बन्ने उपनियमहरुमा ः

(क) श्रम सहकारी ः श्रम सहकारी भन्नाले ....................................................... श्रम सहकारीलाई सम्झनुपर्दछ ।

(ख) विधान ः विधान भन्नाले ..................................................................... श्रम सहकारीको विधानलाई सम्झनुपर्दछ ।

(ग) बचत ः बचत भन्नाले श्रम सहकारीको विधानबमोजिम श्रम सहकारीको सदस्यहरुबाट नियमित संकलित रकमलाई सम्झनुपर्छ । जुन रकम पछि सदस्यहरुलाई फिर्ता दिइन्छ ।

(घ) श्रम सहकारी कोष ः श्रम सहकारी कोष भन्नाले टोल स्तरमा विकास निर्माणको कार्य संचालनार्थ जम्मा गरिने रकमलाई सम्झनुपर्छ । यसको खर्च श्रम सहकारीको क्षेत्रभित्र विकास निर्माणमा मात्र गर्नुपर्छ ।

(ङ) नियमावली ः नियमावली भन्नाले यस बचत परिचालन नियमावली र श्रम सहकारीको विधानबमोजिम गठित कार्यगत समूहहरुको नियमावलीलाई सम्झनुपर्दछ ।

(च) सदस्य ः सदस्य भन्नाले श्रम सहकारीको विधानबमोजिम सदस्यता प्राप्त गर्ने ब्यक्तिलाई जनाउँदछ ।

(छ) पदाधिकारी ः पदाधिकारी भन्नाले श्रम सहकारी वा कायगतव समूहहरुको अध्यक्ष, कोषाध्यक्ष र सचिवलाई समेत सम्झनुपर्दछ ।

**३. कार्यक्षेत्र** ः यस नियमावलीको कार्यक्षेत्र बचत तथा आर्थिक परिचालनसम्बन्धी हुनेछ ।

### परिच्छेद-२

**४. उद्देश्य** ः

१. बचत गर्ने बानीको विकास गर्ने । बचत गर्न प्रेरित गर्ने ।

२. श्रम सहकारीको बचतबाट श्रम सहकारीको सदस्यहरुलाई लघु ऋण कार्यक्रम संचालन गर्ने ।

३. स्थानीय स्तरमै आर्थिक रुपमा सक्षम बनाउने प्रयास गरी आर्थिक परिनिर्भरता घटाउने ।

४. विभिन्न उद्यमहरु तथा आर्थिक क्रियाकलापको सिर्जना गरी आय बुद्धि गर्ने ।

परिच्छेद-३

५. श्रम सहकारीको बचत ः श्रम सहकारीको विधानबमोजिम सदस्यता प्राप्त सदस्यले साप्ताहिक, पाक्षिक, मासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा जम्मा गरेको नियमित तथा ऐच्छिक गरेको बचत, संथाको बचत हुनेछ।

६. बचत नियमित हुनुपर्दछ ।

७. नियमित बचत गर्ने सदस्यले प्रत्येक महिनाको ..................................................... गतेभित्र बुझाई सक्नुपर्नेछ ।

८. बचत प्रत्येक महिनाको ........................ भित्र नबुझाएमा रू............. हर्जाना र जरिवाना सहित अर्को महिनामा बुझाउनुपर्नेछ । अर्को महिनामा पनि नबुझाएमा रू. ........................ का दरले प्रति महिना हर्जाना लाग्नेछ ।

९. विना जानकारी र मुनासिब माफिकको कारण नभई लगातार ................ महिनासम्म बचत संकलन नगरे श्रम सहकारीको विधान धारा ......... बमोजिम सदस्यता खारेज हुन सक्नेछ ।

१०. बचत रकम लगानी नभई नगद मौज्दात रहन गएमा श्रम सहकारीको अध्यक्ष र कोषाध्यक्षको ( आवश्यकता परे सचिव पनि) संयुक्त हस्ताक्षरमा बैंक खाता खोली जम्मा गर्न सक्नेछ ।

परिच्छेद-४

११. ऋण लगानी असूली प्रक्रिया : श्रम सहकारीको बचतबाट ऋण लगानी गर्दा देहाय बमोजिम गरिनेछ ।

क. यस बचतबाट ऋण लिन चाहने सदस्यहले कुन उद्देश्यका लागि कति रकम चाहिएको हो सो कुरा खुलाई संस्थामा रू. ........................ नगदै संलग्न गरी लिखित निवेदन दिनु पर्नेछ ।

ख. लिखित रुपमा नदिएको निवेदन र नगद रकम संलग्न्क नगरी दिएको निवेदन मान्य हुने छैन ।

ग. निवेदनबाट संकलन हुने निवेदन दस्तुर रकम श्रम सहकारी संचालन प्रयोजनका लागि खर्च हुनेछ ।

घ. निवेदन उपर छानविन गरी प्राथमिकताक्रम निर्धारण गरी उक्त प्राथमिकता क्रमको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

ङ. निवेदन उपर छानविन गन संस्थाबाट ऋण लगानी छानबिन समिति बनाउन सकिनेछ ।

च. ऋण असुलीको भाखा १ महिनादेखि बढीमा १८ महिनासम्मको हुनेछ ।

छ. प्राथमिकता क्रम निर्धारण :

१. दैवी प्रकोप

२. आयमूलक कामको लागि

३. घर व्यवहारमा

४. अन्य ।

ज. ऋण लगानी सम्बन्धित कुनै विवाद परेमा श्रम सहकारीको बैठकको निर्णय अन्तिम हुनेछ ।

झ. ऋण लगानी असूलीको लेखा मुख्य ऋण खाता तथा व्यक्तिगत ऋण खातामा राखिनेछ ।

ञ. ऋण लिएको सदस्यले भाखा अवधिभित्र ऋण चुक्ता नगरेमा............ प्रतिशतको दरले थप हर्जना जरिवाना लिई ऋण असूली गरिनेछ ।

ट. ऋण लिने व्यक्तिले भाखा अवधि नाघी सकेपछि पनि आलटाल गरेमा एक पटक संस्थाले लिखित जानकारी दिने र त्यसपछि पनि ऋण चुक्ता नगरेमा निजको चल अचल सम्पत्तिबाट असूल गरिनेछ ।

ठ. ऋण असूली ब्याज परिवर्तन गर्नुपरेमा श्रम सहकारीको साधारण सभाबाट पारित भए बमोजिम हुनेछ ।

१२. श्रम सहकारी कोषः देहाय बमोजिमको रकम श्रम सहकारी कोषमा जम्मा हुनेछ ।

क. विभिन्न संघ संस्थाबाट विकास निर्माणको लागि प्राप्त अनुदान रकम ।

ख. व्यक्तिहरुले विकास निर्माणको लागि दिएको चन्दा पुरस्कार रकम ।

ग. श्रम सहकारी मार्फत सामुदायिक काम गरी आर्जन गरेको र विकास निर्माणमा खर्च गरिने रकम ।

घ. कार्यक्रम तथा नगरपालिकाबाट योजना संचालनको लागि दिएको अनुदान रकम ।

१३. श्रम सहकारी कोषको रकम श्रम सहकारीको साधारण सभाले पास गरेको खण्डमा कुनै सामाजिक कामकाजको लागि खर्च गर्न सकिनेछ ।

१४. श्रम सहकारी कोषको रकम श्रम सहकारीको साधारण सभाले पास गरेको अन्य व्यक्ति वा संघ संस्थालाई निश्चित ब्याज दरमा निश्चित समयको लागि ऋण लगानी गर्न सकिनेछ ।

१५. श्रम सहकारी कोषमा कुनै सदस्य संस्थाबाट स्वेच्छाले निस्केमा वा संस्थाले कारबाही गरी निष्कासित गरेमा वा जुनसुकै तवरबाट श्रम सहकारी छाडे पनि दाबी रहने छैन । तर श्रम सहकारी विघटन हुने अवस्था आएर श्रम सहकारी विघटन भएको खण्डमा विघटन हुँदासम्म श्रम सहकारीको सदस्य भई संस्थामा बस्ने सदस्यको दावी रहनेछ ।

१६. दफा १५ मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रम सहकारी कोष संस्थाले कुनै सामाजिक कामको लागि प्रयोग गर्ने निर्णय गरेमा त्यस कोषमा संस्थाो सदस्य भए पनि दावी रहने छैन ।

**परिच्छेद-५**

१७. यस श्रम सहकारीको बचतको लेखाप्रणाली लेखाको सामान्य सिद्धान्तअनुसार लेजर फाराम अनुसार राखिनेछ ।

१८. लेखा तथा कारोबारको मुख्य जिम्मेवारी व्यक्ति कोषाध्यक्ष हुनेछ ।

१९. श्रम सहकारीको निर्णयबिना श्रम सहकारीको अध्यक्ष, कोषाध्यक्ष र सचिव तथा कुनै सदस्यले आफ्नो मनोमानीले आर्थिक कारोवार गर्न पाउनेछैन ।

२०. श्रम सहकारीको बचतको आम्दानी खर्च प्रत्येक महिनाको मासिक बैठकमा कोषाध्यक्षले पेश गर्नुपर्नेछ।

२१. लेखापरीक्षण : प्रत्येक आर्थिक वर्षको अन्तमा संस्थाद्वारा नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउने र लेखापरीक्षकले दिएको प्रतिवेदन सार्वजनिक गर्ने ।

२२. आर्थिक वर्ष : श्रम सहकारीको आर्थिक वर्ष ........................ बाट शुरू भई .................... सम्म हुनेछ ।

२३. नियमावली संशोधन : नियमावलीको संशोधन गर्नुपरे श्रम सहकारीको साधारण सभाबाट सर्वसम्मतिको पास गरेमा नियमावलीको संशोधन गर्न सकिनेछ ।

२४. बाझिएको हदसम्म निष्क्रिय हुने : यस नियमावलीमा लेखिएका कुराहरु श्रम सहकारीको विधान र प्रचलित कानुनसँग बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।